प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकाम: बुटवल, नेपाल

पत्र संख्या: ०७८/०७९
चलानी नं.: ११२४

मिति: २०७८/१२/१४

विषय: कार्यविधि संशोधन सम्बन्धमा।

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, (सबै),
श्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, (सबै)।

प्रस्तुत विषयमा "कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि, २०७८" को दफा ५(झ) मा रहेको माछा अभियानमुखी (मिसन) कार्यक्रमको संशोधनको लागि आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट मिति २०७८/१२/०७ गते सहमति प्राप्त भएको र यस मन्त्रालयको मिति २०७८/१२/१४ गतेको निर्णय (मा. मन्त्रिस्तरीय) अनुसार यसै साथ संलग्न विवरण बमोजिम संशोधन भएकोमा सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुहुन अनुरोध छ।

महाशाखा प्रमुख
(हरिप्रसाद पण्डित)
वरिष्ठ कृषि अर्थ विज्ञ

बोधार्थः

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय।



Scanned with CamScanner

२०८०।११।०५

सुमन शर्मा रायमाझी
मन्त्री

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि, २०७८

कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा लक्षित समुदाय क्षमता अभिवृद्धि कार्यविधि, २०७८ को दफा ५ (झ) मा संशोधन [redacted]:

| क.सं. | कार्यक्रम | साबिक | संशोधित |
|---|---|---|---|
| (झ) | माछा अभियानमुखी (मिशन) कार्यक्रम | मापदण्डमा<br>(१) माछापालन क्षेत्र छनौट हकमा प्रति कृषक कम्तीमा ५ कठ्ठा जलाशय क्षेत्रफलमा पोखरी निर्माण गर्ने भएका कृषकहरुलाई समेटी कम्तीमा १ हेक्टरको जलाशय भएको चक्ला हुनुपर्नेछ ।<br>(२) पोखरीको मर्मत संभार गर्दा डिल मिलाई गहिराई ५ फिट कायम हुनुपर्नेछ।<br>(३) क्षेत्र विस्तार गर्दा एउटै चक्ला भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।<br>(४) नयाँ पोखरीको निर्माण कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार नँया पोखरी निर्माण गर्नु पर्नेछ ।कम्तीमा १० जना समावेश भएका पाँच समुहमा कार्यक्रम संचालन हुनेछ।<br>(५) पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनु पर्नेछ।पोखरी निर्माणको लागि माटो उपयूक्त हुनु पर्नेछ | मापदण्डमा<br>क.सं. (झ) को खण्ड (१) मा चक्ला भन्ने शब्द हटाउने।<br>क.सं. (झ) को खण्ड (२) हटाउने।<br>क.सं. (झ) को खण्ड (३) मा चक्ला भन्ने शब्दको सट्टा क्लष्टर थप गर्ने।<br>क.सं. (झ) को खण्ड (४) मा पोखरी निर्माण गर्नुपर्नेछ भन्ने पछाडी कम्तीमा १० जना समावेश भएका पाँच समुहमा कार्यक्रम संचालन हुनेछ शब्दहरू हटाइ यदि नयाँ पोखरी निर्माण गरिने क्षेत्रमा भाडामा भएमा कम्तिमा १० वर्षको ठेक्का सम्झौता र सार्वजनिक भएमा कम्तीमा ५ वर्ष अवधी कायम भएको ठेक्का सम्झौताको कागजात समावेश गर्नुपर्नेछ भन्ने थप गर्ने।<br>क.सं. (झ) को खण्ड (७) हटाउने।<br>क.सं. (झ) को खण्ड (८) हटाउने। |



Scanned with CamScanner

सुमन शर्मा राय
मन्त्री

| क.सं. | कार्यक्रम | साबिक | संशोधित |
|---|---|---|---|
| | | साथै पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनुपर्नेछ।<br>(६) नयाँ निर्माण गरीने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तीमा ५ बर्षको हुनु पर्नेछ।<br>(७) सडक, बिजुली बत्तीको सुविधा भएको हुनु पर्नेछ। नयाँ पोखरी निर्माण गरिएको क्षेत्रमा कम्तीमा १५ प्रतिसत जग्गामा नर्सरी पोखरी निर्माण गर्नुपर्नेछ ।<br>(८) डिलमा सिल्पोलिन लाईनिङ्ग सहितको पोखरी मर्मत संभार गर्न चाहेमा लागत इस्टिमेट तयार गरी पोखरीको सलामी डिल र गहिराई कायम गर्नुपर्नेछ र कम्तीमा २०० GSM को सिल्पोलिन प्रयोग गर्नुपर्नेछ ।<br>**खर्च सीमा**<br>(क) कार्यक्रम निर्माण गर्दा कुल अनुदान रकमको बढीमा ४५ प्रतिशत रकम चालु खर्चका क्रियाकलापमा र कम्तीमा प्रतिशत रकम पूजिगत निर्माण तथा 55 उपकरण खरीदमा खर्च गर्न सकिनेछ। /औजार<br>(ख) प्रति हेक्टर जलाशय क्षेत्रमा नया पोखरी निर्माणमा कूल लागतको ५० प्रतिशत वा बढीमा रु. पाँच लाख र साथै एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरेमा पानी व्यवस्थापनमा | |

सचिव



Scanned with CamScanner

सुमन शर्मा रायमाझी
मन्त्री

| क.सं. | कार्यक्रम | साबिक | संशोधित |
|---|---|---|---|
| | | बढीमा थप रू दुई लाख र यन्त्रीकरणमा बढीमा थप रू एक लाख रकम अनुदान प्रवाह गर्न सकिनेछ।<br>मिसन कार्यक्रमको अनुसरण कार्यक्रम सञ्चालन गर्दा वार्षिक विनियोजित बजेट अनुसार दोश्रो वर्ष र तेश्रो वर्ष प्राविधिक सहयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>यसमा आवश्यकता अनुसार चालु तथा पूँजीगत शिर्षकमा खर्च गर्न सकिनेछ। | **खर्च सीमा**<br>क.सं. (झ) को खर्च सीमाको खण्ड (क) हटाउने।<br>क.सं. (झ) को खर्च सीमाको खण्ड (ख) मा संशोधन गर्ने:<br>प्रति हेक्टर जलाशय क्षेत्रमा नयाँ पोखरी निर्माणमा कूल लागतको ५० प्रतिशत वा बढीमा रु पाँच लाख अनुदान उपलब्ध गराइनेछ।<br>साथै एकल अनुदानग्राहीले १ हेक्टर वा सो भन्दा वढी क्षेत्रफलमा पोखरी निर्माण गरेमा पानी व्यवस्थापन तथा यान्त्रिकीकरणमा कुल लागतको ५० प्रतिशत वा अधिकतम क्रमशः रू २ लाख र रू १ लाख थप रकम अनुदान प्रवाह गर्न सकिनेछ।<br><br>क.सं. (झ) को खर्च सीमाको खण्ड (ख) मा रहेका देहाएका शब्दहरू हटाउने:<br>• मिसन कार्यक्रमको अनुसरण कार्यक्रम सञ्चालन गर्दा वार्षिक विनियोजित बजेट अनुसार दोश्रो वर्ष र तेश्रो वर्ष प्राविधिक सहयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>• यसमा आवश्यकता अनुसार चालु तथा पूँजीगत शिर्षकमा खर्च गर्न सकिनेछ। |

सचिव



Scanned with CamScanner